# दशरथचन्द नगरपालिकाको बाल क्लब गठन तथा परिचालन कार्यविधि, २०८३

दशरथचन्द नगरपालिका बैतडी
सुदुरपश्चिम प्रदेश
नेपाल

CS CamScanner

# दशरथचन्द नगरपालिकाको बाल क्लब गठन तथा परिचालन कार्यविधि, २०८३

नेपालको संविधान, २०७२ को मौलिक हकमा उल्लेख भएको बालबालिकाको सहभागिताको अधिकारलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न, वडा तथा नगरपालिका स्तरीय बाल क्लब गठन तथा परिचालन प्रकृयालाई प्रभावकारी ढंगले लागु गरी नगरपालिका क्षेत्रभित्र बालमैत्री स्थानीय शासन प्रवर्द्धनमा नगरपालिकालाई सार्थक सहयोग पुगोस भन्ने हेतुले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बालबालिका सम्बन्धी ऐन ,२०७५ तथा नियमावली २०७८ बमोजिम दशरथचन्द नगरपालिकाले यो कार्यविधि निर्माण गरी लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "दशरथचन्द नगरपालिकाको बाल क्लब गठन तथा परिचालन कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि दशरथचन्द नगरपालिकाको राजपत्रमा प्रकाशन भएपछी दशरथचन्द नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कार्यविधि" भन्नाले दशरथचन्द नगरपालिकाको बाल क्लब गठन तथा परिचालन कार्यविधि, २०८३ लाई सम्झनुपर्छ । .

(ख) "पदाधिकारी" भन्नाले वडा स्तरीय बाल क्लब तथा नगरपालिका स्तरीय बाल क्लबको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिवलाई सम्झनुपर्छ ।

(ग) "कार्यकारी सदस्य" भन्नाले वडा स्तरीय तथा नगरपालिका स्तरीय कार्यकारी समितिका सदस्यलाई सम्झनुपर्छ ।

(घ) "साधारण सदस्य" भन्नाले वडा स्तरीय बाल क्लबमा सूचीकृत सम्बन्धित वडाभित्रका सोह्र बर्ष मुनिका सबै बालबालिकालाई सम्झनुपर्छ ।

(ङ) "सल्लाहकार समिति" भन्नाले प्रत्येक क्लबको कार्यक्षेत्र भित्रका सम्बन्धित वडा कार्यालयको तोकेको टोल विकास समितिका बढीमा दुई जना अध्यक्ष सहित क्लबले मनोनयन गरेका १८ (अठार) बर्ष उमेर पुरा भएका तीन जना बालिका सहितको प्रतिनिधित्व रहने गरी कार्यविधिको नियम १८ बमोजिम गठन हुने पाँच सदस्यीय क्लबको सल्लाहकार समितिलाई सम्झनुपर्छ र सो शब्दले आवश्यकता अनुसार नगरपालिका स्तरीय बाल क्लबको सल्लाहकार समिति समेतलाई सम्झनुपर्छ ।

(च) "नगरपालिका" भन्नाले दशरथचन्द नगरपालिका तथा मातहतका वडा कार्यालय समेतलाई सम्झनुपर्छ ।

(छ) "क्लब" भन्नाले कार्यविधि बमोजिम गठन हुने वडा स्तरीय बाल क्लब तथा आवश्यकता अनुसार नगरपालिका स्तरीय बाल क्लबको अध्यक्ष समेतलाई सम्झनुपर्छ ।

(ज) "अध्यक्ष" भन्नाले कार्यविधि बमोजिम गठन हुने वडा स्तरीय बाल क्लब तथा आवश्यकता अनुसार नगरपालिका स्तरीय बाल क्लबको अध्यक्ष समेतलाई सम्झनुपर्छ ।

पुष्कर राज जोशी
नगर प्रमुख

CamScanner

(ग) कार्यकारी समिति भन्नाले वडा स्तरीय बाल क्लवका पदाधिकारी सहितका पन्ध्र सदस्यीय समिति तथा आवश्यता अनुसार नगरपालिका स्तरीय पदाधिकारी सहितको पन्ध्र सदस्यीय समिति समेतलाई सम्झनुपर्छ ।

**३. क्लब गठनका लागि सूचना प्रवाह गर्नुपर्ने :** यो कार्यविधि लागु भएपछी पहिलो पटकका लागि नगरपालिकाका सम्बन्धित वडा कार्यालयहरुले कम्तीमा १५ दिन अगावै आफ्नो क्षेत्रभित्र १८ (अठार) बर्ष मुनिका बालबालिकाहरु मात्र सम्मिलित क्लब गठन गर्ने मिति, समय, स्थान तथा अन्य आवश्यक कुराहरु खुलाई स्थानीय सञ्चार माध्यम समेतबाट सूचना प्रवाहको व्यवस्था मिलाउनु पर्नेछ ।

**४. क्लब गठन गर्नुपर्ने :** नियम ३ बमोजिम उल्लिखित मिति, समय र स्थानमा पहिलो पटकका लागि क्लब गठन गर्न सम्बन्धित वडाको वडाध्यक्ष र सम्बन्धित वडाको कम्तीमा एकजना महिला वडा सदस्यको अनिवार्य उपस्थितीमा स्थानीय बाल सहजकार्ता तथा पालिकामा कार्यरत बालबालिका संग सम्बन्धित काम कर्ने स्थानीय संघ संस्थाहरुको साझेदारीमा कम्तीमा २५ जना बालबालिकाहरुको भेलाबाट ५० प्रतिशत बालक र ५० प्रतिशत बालिकाको प्रनिनिधित्व हुने गरी सकभर समावेशीता समेतलाई सम्बोधन गर्दै सर्वसम्मत हुने गरी कम्तिमा १५ सदस्यीय क्लबको पदाधिकारी सहितको कार्यकारी समिति गठन गर्नुपर्नेछ ।

**५. क्लब दर्ता तथा नवीकरण :** कार्यविकिो नियम ४ बमोजिम गठन हुने प्रत्येक क्लबको दर्ता तथा नविकरण अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयले गर्नुपर्दछ ।

**(६) बार्षिक साधारण सभा र नेतृत्व चयन :**

(१) सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले ३५ दिनभित्र कम्तीमा ७ (सात) दिन अगावै प्रत्येक क्लबको अध्यक्षले बार्षिक साधारण सभा बोलाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बार्षिक सभा नबोलाई को अवस्थामा सम्बन्धित वडाका वडाध्याक्षले ७ दिनभित्र सम्बन्धित क्लबको बार्षिक साधारण सभा बोलाई दिनुपर्नेछ ।

(३) बार्षिक साधारण सभाको गणपुरक संख्या कुल सदस्य संख्याको ५१ प्रतिशत हुनेछ ।

(४) बार्षिक साधारण सभाको अध्यक्षता क्लबको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । क्लबको अध्यक्ष र उपाध्यक्ष दुवै अनुपस्थित भएमा उपस्थित बहुमत सदस्यहरुले छानेको सदस्यले बार्षिक साधारण सभाको अध्यक्षता गर्नेछ ।

(५) बार्षिक साधारण सभाले प्रत्येक आर्थिक बर्षका लागि पदाधिकारी र कार्यकारी सदस्य सहितको नेतृत्व चयन गर्नेछ र यसरी नेतृत्व चयन गर्दा विगतका क्लबमा वसेको व्यक्ति पुनः पदाधिकारी तथा कार्यकारी सदस्यमा दोहोरिन पाउने छ ।

(६) उपनियम ५ बमोजिम नेतृत्व चयन गर्दा नियम ३ बमोजिमको पदाधिकारीहरुको रोहवरमा सोही नियममा उल्लिखित प्रवाधानको अवलम्बन गरी क्लबको १५ सदस्यीय नयाँ कार्यकारी समिति चयन गर्नुपर्नेछ ।

**७. कार्यकारी समिति :**

(१) प्रत्येक क्लबमा एक कार्यकारी समिति रहनेछ ।

पुष्कर राज जोशी
नगर प्रमुख

(२) कार्यकारी समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

(३) कार्यकारी समितिको बैठकमा कार्यकारी समितिमा तत्काल कायम रहेका सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) कार्यकारी समितिको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ ।

(५) उपनियम ४ बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकेमा कार्यकारी समितिमा तत्काल कायम रहेको सदस्य संख्याको बहुमत सदस्यबाट गरेको निर्णय कार्यकारी समितिको निर्णय हुनेछ ।

(६) बार्षिक साधारण सभा गर्ने भनी कार्यविधिमा स्पष्ट व्यवस्था भएकोमा बाहेक क्लबबाट सम्पादन हुने काम कारबाही क्लबको कार्यकारी समितिले गर्नेछ ।

(७) कार्यकारी समितिको बैठकमा सम्बन्धित वडाको एक जना प्रतिनिधिलाई अनिवार्य आमन्त्रण गर्नुपर्नेछ।

**८. अभिलेख राखी दिनुपर्ने :** प्रत्येक क्लबले आफ्नो काम कारबाही व्यवस्थित र पारदर्शी गर्नका लागि तयार गरेका देहाय बमोजिमका अभिलेखहरु सम्बन्धित वडा कार्यालयको वडा सचिवले अद्यावधिक राखि दिनु पर्नेछ ।

(क) सदस्य दर्ता अभिलेख

(ख) साधारण सभा र कार्यकारी समितिसँग सम्बन्धित सम्पुर्ण अभिलेख

(ग) नगरपालिकाले तोकेको अन्य आवश्यक कुराहरु ।

**९. क्लबको सदस्यता प्राप्ति र निलम्बन :**

(१) क्लबको कार्य क्षेत्रभित्रका प्रत्येक घरधुरीका १८ (अठार) बर्ष मुनिका बालबालिकाले क्लबको सदस्यता लिन चाहेमा सम्बन्धित वडा सचिव मार्फत कार्यकारी समिति समक्ष सदस्यता प्राप्तीका लागि आवेदन दिनुपर्नेछ र क्लबको कार्यकारी समितिले आफ्नो कार्य क्षेत्रभित्रको बालबालिका भए नभएको यकिन गरी कार्य क्षेत्रभित्रको भए साधारण सदस्यमा सूचीकृत गर्नुपर्नेछ ।

(२) कार्यविधि विपरित कार्य गर्ने क्लबको कुनै पनि सदस्यलाई क्लबको कार्यकारी समितिको बहुमत सदस्यले निर्णय गरी बढीमा ६ महिनासम्मका लागि सदस्य पदबाट निलम्बन गर्न सक्नेछ ।

**१०. क्लबको काम, कर्तव्य र अधिकार :** यस कार्यविधिको अन्यत्र नियममा उल्लेख गरिएका काम, कर्तव्य र अधिकारका अलावा प्रत्येक क्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) क्लबमा आबद्ध सदस्य सहित १८ (अठार) बर्ष मुनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका हाजिरी जवाफ वक्तृत्वकला, निबन्ध लेखन, जस्ता गतिविधि आदि सञ्चालन गर्ने ।

(ख) विद्यालय भर्ना हुने उमेर समुहका बालबालिकाहरु विद्यालय भर्नाबाट बञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी विद्यालय भर्ना गर्ने व्यवस्था मिलाउने ।

(ग) नगरपालिका तथा आफ्नो वडाभित्रका टोल विकास संस्थाहरुले सञ्चालन गर्ने जनचेतना मूलक कार्यमा सक्रिय सहभागीता जनाउने ।

पुष्कर राज जोशी
नगर प्रमुख

(घ) बालमैत्री शासन प्रवर्द्धनका लागि निर्धारित सूचकहरु कार्यान्वयनमा सदैव अग्रसर रही बालमैत्री नगरपालिका निर्माण अभियानमा नगरपालिकालाई निरन्तर सहयोग गर्ने ।

(ङ) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई, बाल विवाह मुक्त आदि अभियानमा नगरपालिका तथा टोल विकास समितीहरुलाई सहयोग गर्ने ।

(च) यस नगरपालिकालाई मुलुककै नमुना नगरपालिकाको रुपमा स्थापना गर्ने तर्फ सद्दैव अग्रसर रहने

(छ) आफ्नो वडालाई शैक्षिक बन्द, हड्ताल निषेधित क्षेत्र तोक्ने व्यवस्था मिलाउने ।

(ज) क्लबले आफूलाई प्राप्त जिम्मेवारी कार्यान्वयन गर्न कार्यकारी सदस्यको संयोजकत्वमा बढिमा ५ जना साधारण सदस्यहरु सम्मिलित उपसमितिहरु गठन गर्न सक्ने ।

(झ) नगरपालिकाले तोकेका अन्य कार्यहरु गर्ने गराउने ।

(ञ) साईवर अपराध र डिजिटल सोसल मिडिया सदुपयोग सम्बन्धी सचेतना फैलाउने ।

**११. अध्यक्षको काम, कर्तव्य र अधिकार** : यस कार्यविधिको अन्यत्र नियममा उल्लेख गरिएको काम, कर्तव्य र अधिकारको अलावा प्रत्येक क्लबको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बार्षिक साधारण सभा र कार्यकारी समितिको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने, बार्षिक साधारण सभा र कार्यकारी समितिको बैठकको कार्यसूचि तथा प्रस्ताव पेश गर्ने गराउने ।

(ख) बार्षिक साधारण सभा र कार्यकारी समितिको बैठकको कार्यसूचि तथा प्रस्ताव पेश गर्ने गराउने ।

(ग) नगर सभा, नगरपालिका एवं क्लबको साधारण सभा र कार्यकारी समितिको निर्णय कार्यान्वयन गर्ने गराउने तर्फ सदैव तल्लिन रहने ।

(घ) कार्यकारी समितिको कामको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने ।

(ङ) क्लबको प्रतिनिधित्व एकल रुपमा गर्नुपर्ने भएमा सो कार्य गर्ने

(च) साधारण सभा र कार्यकारी समितिले तोकेको अन्य काम गर्ने ।

**१२. उपाध्यक्षको काम, कर्तव्य र अधिकार** : प्रत्येक क्लबको उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) अध्यक्षको अनुपस्थितीमा निजको कार्यभार सम्हाल्ने ,

(ख) क्लबका सदस्यहरुलाई तोकिएको काममा सहजीकरण र समन्वय गर्ने ।

(ग) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**१३. सचिवको काम, कर्तव्य र अधिकार** : प्रत्येक क्लबको सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) साधारण सभा र कार्यकारी समितिको सचिवको रुपमा काम गर्ने ।

(ख) साधारण सभा र कार्यकारी समितिको निर्णयको अभिलेख सम्बन्धित वडासचिवलाई बुझाउने ।

पुष्कर राज जोशी
नगर प्रमुख

(ग) अध्यक्षको निर्देशनमा साधारण सभा र कार्यकारी समितिको बैठकको लागि पत्राचार गर्ने ।

(घ) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**१४. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :** प्रत्येक क्लबको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) क्लबमा आवद्ध सदस्यहरुले स्वेच्छाले संकलित कोषको हिसाब तथा अभिलेख दुरुस्त राख्ने ।

(ख) क्लबबाट संचालित कार्यक्रमहरुको अभिलेख राख्ने ।

(ग) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**१५. सह-सचिवको काम, कर्तव्य र अधिकार :** प्रत्येक क्लबको सहसचिवको काम, कर्तव्य र अधिकार देहयबमोजिम हुनेछ ।

(क) सचिवको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने ।

(ख) साधारण सभा र कार्यकारी समितिले तोकेको अन्य काम गर्ने ।

**१६. कार्यकारी सदस्यको काम, कर्तव्य र अधिकार :** प्रत्येक क्लबको कार्यकारी सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यकारी समितिको बैठकमा भाग लिई निर्णय प्रक्रियामा सक्रिय सहभागिता जनाउने ।

(ख) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**१७. साधारण सदस्यको काम, कर्तव्य र अधिकार :** कार्यविधिको नियम ९ बमोजिम (१) बमोजिम क्लबमा आवद्ध साधारण सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) बार्षिक साधारण सभामा भाग लिई निर्णय प्रक्रियामा सकृय सहभागिता जनाउने ।

(ख) आफ्नो क्षेत्रभित्र संचालित कार्यक्रम कार्यान्वयनमा क्लबलाई रचनात्मक सल्लाह सुझाव सहित निरन्तर सहयोग गर्ने ।

(ग) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**१८. सल्लाहकार समितिको गठन, काम, कर्तव्य र अधिकार :**

(१) प्रत्येक वडा स्तरीय क्लबमा एक सल्लाहकार समित रहनेछ । तर पहिलो पटक क्लबको कार्यकारी समिति सँगै गठित सल्लाहकार समिति यसै कार्यविधि बमोजिम गठन भएको देखिन्छ ।

(२) नगरपालिका स्तरीय बालक्लबको सल्लाहकार समितिमा नगर कार्यपालिकाले तोकेका १८ (अठार) वर्ष उमेर भएका बढीमा पाँच जना सदस्य रहेको एक समिति रहनेछ । आवश्यक परेमा अन्यलाई आमन्त्रीत सदस्यमा बोलाउन सकिने छ ।

(३) सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) क्लवले सम्पादन गरिरहेका क्रियाकलापहरुको बारेमा क्लबलाई सल्लाह, सुझाव र मार्गदर्शन गर्ने र सोको जानकारी नगरपालिकालाई समेत गराउने ।

पुष्कर राज जोशी
नगर प्रमुख

(ख) नगरपालिकाले तोकेका अन्य काम गर्ने ।

## १९. प्रतिवेदन र पुरस्कार :

(१) सम्वन्धित वडा कार्यालयले आफ्नो वडाको क्लबबाट सम्पादित क्रियाकलापहरुको प्रतिवेदन तोकिए बमोजिमको ढाँचामा चौमासिक रुपमा नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा नगरपालिकाको प्रत्येक आर्थिक बर्षमा सबैमन्दा उत्कृष्ट र सिर्जनात्मक कार्य सम्पादन गर्ने एउटा क्लबलाई क्षमता विस्तार तथा सुदृढिकरणका लागि दश हजार रुपैया नगद अनुदान सहित पुरस्कृत सकिनेछ ।

## २०. नगरपालिका स्तरीय बाल क्लबको गठन, काम, कर्तव्य र अधिकार :

(१) कार्यविधि बमोजिम प्रत्येक वडामा गठन हुने वडा स्तरीय बाल क्लबहरुको कार्यकारी समितिबाट तिन/तिन जना पदाधिकारीको प्रतिनिधित्व रहने गरी एक जना अध्यक्ष, उपाध्यक्ष, एक जना सचिव, एकजना कोषाध्यक्ष, एक जना सहसचिव र अन्य दश जना कार्यकारी सदस्यसहित पन्ध्र सदस्यीय एक नगरपालिका स्तरीय बाल क्लबको गठन नगर कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यको उपस्थितिमा हुनेछ । यसरी गठन हुने नगरपालिका स्तरीय क्लबको दर्ता तथा नवीकरण अनुसूची -१ बमोजिमको ढाँचामा नगर कार्यपालिकाको कार्यालयमा गर्नुपर्नेछ ।

(२) एक पटक नगरपालिका स्तरीय बाल क्लबको अध्यक्ष भएको व्यक्ति पुनः अध्यक्ष पदमा नदोहोरिने गरी प्रत्येक बर्ष उपनियम १ मा उल्लिखित प्रक्रिया अवलम्वन गरी नगरपालिका स्तरीय क्लबको पुर्नगठन गर्नुपर्नेछ ।

(३) नगरपालिका स्तरीय बाल क्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्रत्येक वडा स्तरीय बाल क्लवमा आवद्ध सदस्यसहित सोह्र बर्षमुनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका नगरपालिका स्तरीय हाजिरी जवाफ, वक्तृत्वकला, निवन्ध लेखन साहित्यिक गतिविधि आदि संचालन गर्ने ।

(ख) नगरपालिका क्षेत्रभित्र विद्यालय भर्ना हुने उमेर समुहका बालबालिकाहरु विद्यालय भर्नाबाट बञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्वन्धित वडा कार्यालय एवं नगर कार्यपालिकाको कार्यालयसँग आवश्यक समन्वय गरी विद्यालय भर्ना व्यवस्था मिलाउने ।

(ग) नगरपालिका तथा प्रत्येक वडाभित्रका टोल विकास संस्थाहरुले संचालन गर्ने जनचेतनामुलक कार्यक्रममा सक्रिय सहभागिता जनाउने ।

(घ) बालमैत्री शासन प्रवर्द्धनका लागि निर्धारित सूचकहरु कार्यान्वयनमा सदैव अग्रसर रही बालमैत्री दशरथचन्द नगरपालिका निर्माण अभियानमा नगरपालिकालाई निरन्तर सहयोग गर्ने ।

(ङ) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा नगरपालिका तथा टोल विकास संस्थाहरुलाई सहयोग गर्ने ।

(च) नगर नगरपालिकालाई मुलुककै नमुना नगरपालिकाको रुपमा स्थापना गर्न सदैव अग्रसर रहने ।

(छ) नगरपालिकालाई शैक्षिक बन्द हड्ताल निषेधित क्षेत्र तोक्ने व्यवस्था मिलाउने ।

पुष्कर राज जोशी
नगर प्रमुख

(ञ) नगरपालिकाले तोकेका अन्य कार्यहरु गर्ने गराउने ।

(झ) साईबर अपराध र डिजिटल सोसल मिडिया सदुपयोग सम्बन्धी सचेतना फैलाउने ।

**२१. क्लबको कार्यकारी समितिको निलम्बन वा खारेजी :**

(१) देहायका उल्लिखित कुनै पनि अवस्थामा सम्बन्धित वडा समितिले वडा स्तरिय बाल क्लबको कार्यकारी समितिलाई अर्को व्यवस्था नहुञ्जेल सम्मको लागि निलम्बन वा खारेजी गर्न सक्नेछ ।

(क) कार्यविधिमा उल्लिखित समयावधिमा बार्षिक साधारण सभा वा कार्यकारी समितिको बैठक नबसेमा ।

(ख) कार्यविधिमा उल्लिखित प्रावधान विपरितको कार्य गरेको प्रमाणित भएमा ।

(ग) नगरपालिकाले दिएको निर्देशनको बारम्बार उल्लघंन गरेमा ।

(२) उपनियम (१) बमोजिम कुनै पनि क्लबको कार्यकारी समितिलाई निलम्बन वा खारेजी गर्नु अघि वडा समितिले उक्त क्लबको कार्यकारी समितिलाई ७ (सात)दिनको म्याद दिई सफाई पेश गर्ने मौका दिनेछ ।

(३) उपनियम २ बमोजिमको समयावधिमा क्लबको कार्यकारी समितिले चित्त बुझ्दो सफाई पेश गरेको वडा समितिलाई लागेमा वडा समितिले क्लबको कार्यकारी समिति निलम्बन वा खारेजी प्रक्रियालाई स्थगन गर्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिम कुनै पनि क्लबको कार्यकारी समिति खारेजी भएमा सम्बन्धित वडाले कार्यविधिको दफा (४) बमोजिमको प्रक्रिया अवलम्बन गरी क्लबमा सूचीकृत सदस्यहरुको भेलाबाट पुनः क्लबको नयाँ कार्यकारी समिति गठन गर्नु पर्दछ ।

(५) नगरपालिका स्तरीय बाल क्लबको कार्यकारी समितिको निलम्बन वा खारेजीको हकमा उपनियम (१)खण्ड (क) (ख) र (ग) मा उल्लिखित प्रावधान बमोजिम कार्य गरेको भनी कार्यपालिकालाई लागेमा उपनियम (२) र (३) बमोजिमको प्रक्रिया कार्यपालिकाले अबलम्बन गरी क्लबको निलम्बन वा खारेजीको प्रक्रियाका बारेमा कार्यपालिकाले उपयुक्त निर्णय लिन सक्नेछ । तर वडा स्तरिय बालक्लब उपनियम (१) बमोजिम निलम्बन वा खारेजी भएको अवस्थामा उक्त क्लबबाट नगरपालिका स्तरीय बाल क्लबमा प्रतिनिधित्व गर्ने पदाधिकारीको पद रिक्त भएको मानिनेछ र उपनियम (४) बमोजिम सम्बन्धित क्लबले प्रमाणपत्र पाएपछि उक्त क्लबबाट नगरपालिका स्तरीय बाल क्लबमा रिक्त भएको पद स्वतः पूर्ति गर्नुपर्नेछ

**२२. क्लब गठन लैंगिक समावेशीता कायम गर्नुपर्ने :**

(१) यस कार्यविधि बमोजिम गठन गरिने वडा स्तरीय बाल क्लब तथा नगरपालिका स्तरीय बाल क्लबको कार्यकारी समितिमा सकभर बालक र बालिका बराबरी उपस्थितीमा हुने व्यवस्था मिलाउनुपर्नेछ भने अध्यक्ष र सचिव पदमा एक जना बालिकाको अनिवार्य सुचिश्चितता गर्नु पर्नेछ ।

२३. यो कार्यबिधि लागु हुनु भन्दा पहिला गठित समुदायमा रहेका बालक्लब विद्यालयमा रहेका बालक्लब नगर स्तरिय बालक्लबहरु यसै कार्यबिधि अनुसार भएका मानिनेछ ।

पुष्कर राज जोशी
नगर प्रमुख

अनुसूची-१

(नियम ३ सँग सम्वन्धित)

दशरथचन्द नगरपालिका

.... नं. वडा कार्यालय

## बाल क्लब दर्ताको प्रमाण-पत्र

दर्ता नं.

दशरथचन्द नगरपालिका क्षेत्रभित्र बालमैत्री शासन प्रवर्द्धनका लागि दशरथचन्द नगरपालिकाको बाल क्लब गठन तथा परिचालन कार्यविधि, २०८३ नियम ३ बमोजिम दशरथचन्द नगरपालिकाको वडा नं. ....भरी आफ्नो कार्यक्षेत्र रहने गरी देहाय बमोजिमको बाल क्लब दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

(क) क्लबको नाम : वडास्तरीय बाल क्लब वडा नं.......

(ख) क्लब रहने ठेगाना : वडा नं........

द्रष्टव्य : कार्यविधिको नियम (५) बमोजिमको प्रत्येक वर्ष वार्षिक साधारण सभा गरी नियम (३) बमोजिम क्लबको नवीकरण गर्नुपर्दछ ।

दर्ता गर्ने अधिकारीको नाम :

दर्जा :

दस्तखत :

मिति :

| क्र.सं. | नवीकरण बहाल रहने अवधि | | नवीकरण गर्ने कार्यालयको छाप र हस्ताक्षर |
|---|---|---|---|
| | देखि | सम्म | |
| | | | |
| | | | |
| | | | |

अनुसूची-१

(नियम ३ सँग सम्बन्धित)

दशरथचन्द नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पाटन, बैतडी सुदुरपश्चिम प्रदेश, नेपाल

## नगरपालिका स्तरिय बाल क्लब दर्ताको प्रमाण-पत्र

दर्ता नं:-

दशरथचन्द नगरपालिका क्षेत्रभित्र बालमैत्री शासन प्रवर्द्धनका लागि दशरथचन्द नगरपालिकाको बाल क्लब गठन तथा परिचालन कार्यविधि, २०८३ को नियम बमोजिम नगरपालिका क्षेत्र भरी आफ्नो कार्यक्षेत्र रहने गरी देहाय बमोजिमको हुने गरी बाल क्लब दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

(क) कलबको नाम : नगरपालिका स्तरीय बाल क्लब पाटन ।

(ख) क्लब रहने ठेगाना : दशरथचन्द नगरपालिका ।

द्रष्टव्य : कार्यविधिको नियम (५) बमोजिमको प्रत्येक वर्ष वार्षिक साधारण सभा गरी नियम (३) बमोजिम क्लबको नवीकरण गर्नु पर्दछ ।

दर्ता गर्ने अधिकारीको नाम :

दर्जा :

दस्तखत :

मिति :

| क्र.सं. | नवीकरण बहाल रहने अवधि | | नवीकरण गर्ने कार्यालयको छाप र हस्ताक्षर |
|---|---|---|---|
| | देखि | सम्म | |
| | | | |
| | | | |
| | | | |

दशरथचन्द नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख